“ सुन्दर,शान्त,समृद्ध र सभ्य बगनासकारी गाउँको सार : आर्थिक,सामाजिक,पर्यटन र पूर्वाधार विकासको दिगो आधार ” भन्ने नारालाई साकार पार्न आज बगनासकाली गाउपालिकाको आयोजनामा गाउपालिकाको सभाहल चिर्तुङधारा,पाल्पामा चौथो गाउँसभा सम्पन्न भएको छ ।

वगनासकाली गाउपालिकाको गाउँ सभा सञ्चालन सम्बन्धी कार्यविधि,०७४ अनुसार गाउँसभा सञ्चालन भएको कार्यक्रम वगनासकाली गाउँपालिकाका अध्यक्ष श्री कृष्ण प्रसाद वस्यालको अध्यक्षता र उपाध्यक्ष सरस्वती चिदी दर्लामीको स्वागत मन्तव्य तथा वगनासकाली गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुन्दर प्रसाद श्रेष्ठको सञ्चालनमा भएको छ ।

कार्यक्रममा गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृतले आ.व. २०७५।७६को योजना तथा कार्यक्रमको संक्षिप्त प्रगति प्रतिवेदन र हाल सम्मको अवधिको वजेट खर्च प्रस्तुत गर्नुभएको थियो । जम्मा सभा सदस्य ४८ जना रहेको गाउसभामा सभा सदस्यहरूले आर्थिक वर्ष २०७५।७६को नीति कार्यक्रम तथा बजेटका सन्दर्भ र प्रस्तुत प्रतिवेदनमा समिक्षाका साथ जिज्ञासा राखेका थिए । उठेका जिज्ञासाहरूका विषयमा सभामा घनिभूत रूपमा छलफल गरिएको छ ।

सभामा पूर्व निर्धारित कार्यसूचि वमोजिम गाउपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न वनेको विधेयक,२०७५ विधेयक समितिका संयोजक एवं वडा नं.८ का वडा अध्यक्ष श्री गणेश प्रसाद वस्यालले प्रस्तुत गर्नुभएको छ । प्रस्तुत विधेयकमा दफावार छलफलगरी सर्वसम्मत रूपमा पास भएको छ ।

यस्तै गरी सभामा महत्पूर्ण ११ वटा प्रस्तावहरू माथी छलफलगरी निर्णयार्थ प्रस्तुत गरिएकोमा सर्वसम्मत रूपमा पासभएको छ ।